नेपाल सरकार
संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
*सन्धिखर्क नगरपालिकाको कार्यालय*
अर्घाखाँची

सुचना नं. - १७/०७५/७६

*सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सुचना*
(प्रथम पटक प्रकाशित मिति - २०७५/११/०२ गते)

यस कार्यालय बाट ग्याबिन तार खरीद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त फर्म,सस्था वा कम्पनीबाट रित पुर्वकको गोप्य सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ ।

## शर्तहरु

१. यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म दरभाउपत्र फाराम यस कार्यालयमा नबिकरण गरेको ब्यबसाय दर्ताको ईजाजत पत्र, नबिकरण गरेको फर्म,सस्था वा कम्पनी दर्ताको प्रमाणपत्र,मुल्य अभिबृद्धी करमा दर्ता भएको प्रमाणपत्र,स्थायी लेखा नम्बर प्रमाणपत्र,आ.ब.२०७४/७५ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र वा आ.ब.०७४/०७५ को कर आय बिबरण पेश गरेको कागजात र उत्पादक कम्पनीबाट फर्म वा कम्पनीलाई प्राप्त को प्रतिलिपी निबेदनसाथ पेश गरेपछी नियमानुसार बोलपत्र फाराम यस कार्यालयबाट उपलब्ध गराईने छ ।
२. खरीद गरेका बोलपत्र फारामहरुको महलहरु स्पष्टरुपमा भरि प्रत्येक पानामा सहीछाप गरी प्रथमपटक सुचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ बजे भित्र यस कार्यालयमा आई दरभाउपत्र दर्ता गराउनु पर्ने छ। दर्ता भएका दरभाउपत्र सोही दिन १.०० बजे खोलिनेछ ।
३. दरभाउपत्र फारामसाथ जमानत बापतको रकम यस न.पा.कार्यालयको राजश्व शाखामा दाखीला गरेको नगदी रसीद वा मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी गरिएको ३ महिना म्याद भएको जमानी पत्र (बिडबण्ड) दरभाउपत्रसाथ पेश गर्नुपर्ने छ । यसरी पेश गरिने जमानत बापतको भैचर वा बिडबण्ड यो सुचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिइने छ ।
४. दर्ता हुन आएका शिलबन्दी फारामहरु यस कार्यालयमा बोलपत्र दाताहरु वा निजहरुको प्रतिनिधिहरुको रोहबरमा नियमानुसार खोलिने छ । निजहरुको उपस्थिति नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरीद गर्ने वा दाखिला गर्ने अन्तीमदिन बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खोलेको दिन सोही समयमा हुनेछ ।
५. ठेक्का स्वीकृत भएपछि ठेक अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको श्री रा.बा.बैक सन्धिखर्क शाखा स्थित धरौटी खाता नं. ३०५०३०३००७१०६ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारि गरिएको घटीमा ६ महिना म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंकको बैंक ग्यारेन्टी परफरमेन्स वण्ड पेश गरि सम्झौता गर्नु पर्नेछ ।
६. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।
७. दरभाउपत्र सम्बन्धि अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख गरेबमोजिम हुनेछन् ।
८. अन्य कार्यबिधिहरु सार्बजनिक खरीद नियमावली बमोजिम हुनेछ ।
९. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फारम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।
१०. थप जानकारिको लागी कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।
११. सबै अधिकार नगरपालिकामा निहित रहने छ ।

तपसिल

| ठेक्का नं. | बिबरण | आबश्यक संख्या | बोलपत्र सम्बन्धि कागजात दस्तुर | जमानत बापत कबुल अंकको | भ्याट सहित जम्मा रकम |
|---|---|---|---|---|---|
| १७/०७५/७६ | १- १० गेजको मिडियम ग्याबिन तार (Mesh wire -10 SWG,Salvage wire)<br>२- ७ गेजको ग्याल्बोनाईज बाध्ने तार (7SWG binding wire ) | ७२८२.०० के.जी.<br>३२३.०० के.जी. | रु १०००/०० | २.५% | ८०००००।- (आँठ लाख मात्र) |

सन्धिखर्क नगरपालिका कार्यालय